आज मिति २०७६ साल मङ्सीर ५ गते बिहिबारका दिन विहान ७:३० बजे यस नगरपालिकाको ४१ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बस्यो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री गणेशप्रसाद दाहाल | |
| आमन्त्रित : | | | |
| | अधिकृतस्तर आठौं | श्री ध्रुवकुमार भण्डारी | |
| | लेखा अधिकृत | श्री टेकनाथ रेग्मी | |
| | सू.प्र.अ. | श्री रोशन खनाल | |

| | | | |
|---|---|---|---|
| | कानुनी सल्लाहकार | श्री बालकृष्ण आचार्य | |
| | ना.सु. | श्री रोहित निरौला | |
| | लेखापाल | श्री शालिग्राम दाहाल | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| | कार्यालय सहयोगी | श्री समुन्द्र वि.क. | |
| | कार्यालय सहयोगी | श्री उमा कटुवाल | |
| | ह.स.च | श्री सोम बहादुर मगर | |

निर्णय नं. १ : सम्मानित उच्च अदालत विराटनगरको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा।

यस नगरपालिकाको आन्तरिक श्रोत अन्तर्गत खोला ठेक्का संचालन भइ रहेका अवस्थामा उच्च अदालत विराटनगरमा यस नगरपालिकालाई विपक्षी बनाइ परेको रिटका सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगरले मिति २०७६ मङ्सिर २ गतेको आदेशले कानुन बमोजिम गर्नु गराउनु भन्ने आदेश लाइ उच्च सम्मान गर्ने गरी मिति २०७६ मङ्सिर ४ गते भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्दै सोही बमोजिम गर्न गराउन ठेकेदार पक्षलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २ :

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रोत परिचालन समन्वय शाखाको च.नं. ४६ मिति २०७५/१०/१५ को परिपत्र को बुदा नं. १४ बमोजिम नदिजन्य पदार्थ तथा खानीबाट निस्कने ढुंगा, गिट्टी, बालुवा र स्लेटलाइ घाटगद्दी गरेर मात्र विक्री गर्ने प्रणाली विकास गर्ने र ठेक्का अवधी सकिएपछि घाटगद्दीमा रहने पदार्थ स्वत सम्बन्धित स्थानीय तहको हुने व्यवस्था तत्काल कार्यन्वयनमा ल्याउने भनि उल्लेख भएको, जिल्ला समन्वय समितिको कार्यालय मोरङ विराटनगरको प. सं. २०७५/०७६ च.नं. १२७० को स्थानीय तहलाइ बोधार्थ दिई मोरङ जिल्लमा संचालित क्रसर उद्योगलाइ स्टक प्रमाणित गराउने समबन्धमा लेखिएको पत्रमा स्टक प्रामाणित नभएसम्म विक्री वितरण नहुने व्यवस्थाका लागी अनुरोध गरिएको, सोहि कार्यालयको प. सं. २०७५/०७६ च.नं. १२८५ को पत्रानुसार मोरङ जिल्लाका १३ स्थानीय तहलाइ पत्राचार गरी नगरपालिका/गाउँपालिका क्षेत्रको खोला किनारा लगायत विभिन्न स्थानमा नदिजन्य पदार्थ स्टक भएको भए कहाँ कसले स्टक गरी राखेको छ त्यस्ता स्टकको परिमाण प्रमाणित गराई अनुमति लिएर मात्र विक्री वितरण वा स्थानान्तरण गर्न मिल्ने भएकोले स्टक गर्नेको नाम, ठेगाना सहितको विवरण तोकिएको समयभित्र स्टक प्रमाणित गर्न पत्रप्राप्त भएको, यस नगरपालिका क्षेत्र भित्र संचालित कुनै पनि क्रसर उद्योगले आजका मितिसम्म कुनै पनि क्रसर उद्योगहरू स्टक प्रमाणित गर्न नआएको, जिल्ला समन्वय समितिको कार्यालयको प.सं. प्रशा. ०७५/०७६ च. नं. १२९९ मिति २०७६/०३/०३ को जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरी यस नगरपालिकालाई बोधार्थ दिएको पत्रमा स्टक प्रमाणित गर्ने अधिकार सम्बन्धित स्थानीय तहलाई नै भएको उल्लेख भएको, सोहि

निर्देशनलाई कार्यन्वयन गर्ने सिलसिलामा जिल्ला समन्वय समितिको च.नं. १३५० मिति २०७६/०३/१६ को पत्रबाट सम्बन्धित क्रसर उद्योगहरु लाइ सम्वोधन गर्दै नदिजन्य पदार्थको स्टक प्रमाणिकरण बारे भन्ने विषयको पत्रको सुन्दरहरैचा नगरपालिकाको कार्यालय समेतलाइ बोधार्थ दिई लेखिएको पत्रसमेत प्राप्त भएको, यस नगरपालिका क्षेत्रभित्र संचालन भएका कुनैपनि क्रसर उद्योगहरुले आजका मितिसम्म नगर कार्यपालिकाको कार्यालयमा स्टक प्रमाणितको लागि निवेदन प्राप्त नभएको, २०७६/०३/०१ देखी २०७६ भाद्र मसान्तसम्म कुनैपनि खोलाजन्य प्राकृतिक श्रोत ढुंगा, गिट्टी, बालुवा, माटोको खोलाबाट उत्खनन् तथा विक्री व्यवस्था नभएको, यस नगरपालिकाले चालु आ.व. को प्राकृतिक श्रोत ढुंगा, गिट्टी, बालुवा, माटोको विक्री सम्बन्धि ठेक्का २०७६/०६/०१ गते बाट नै संचालन गरेको भएता पनि छिमेकी पालिकहरुमा हालसम्म प्राकृतिक श्रोतको ठेक्का बन्दोबस्त नगरेको र आजका मितिसम्म सम्झौता नभएको साथै खोलाजन्य पदार्थको उत्खनन् एवम् विक्री वितरण समेत सुचारु नभएको अबस्थामा यस नगरपालिका क्षेत्रमा संचालित क्रसर उद्योगहरूको नगर कार्यपालिकाको टोलिले गरेको अनुगमनमा अत्यधिक मात्रामा खोलाजन्य पदार्थ संकलन गरी राखेको देखिएकोले उक्त संकलित सामाग्रिको कार्यपालिकाका सम्पूर्ण सदस्यहरु बाट आज मिति २०७६/०८/०५ गते अनुगमन गर्ने निर्णय गरियो।